# अत्यन्त जरुरी सूचना

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षाका सेवाप्रदायक संस्थाहरूको अनुगमन एवं नियमन गर्ने उद्देश्यले जारी शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका २०७३ कार्यान्वयनमा रहेको र सोही बमोजिम त्यस्ता संस्थाहरूको नियमन भई आएकामा परिवर्तित परिस्थितिमा उक्त संस्थाहरूको नियमनको सम्बन्धमा संघीय, प्रादेशिक वा स्थानीय सरकारको अधिकार क्षेत्र निर्धारण गरी ऐन/नियम संशोधन एवं परिमार्जन गर्न आवश्यक देखिएकाले सोही प्रयोजनका लागि यस मन्त्रालयद्वारा सेवा सञ्चालन स्वीकृतिका लागि आवेदन लिदै आएकामा अर्को व्यवस्था नभएसम्मका लागि आवेदन लिने कार्य स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै हालसम्म सेवा सञ्चालन स्वीकृतिका लागि आवेदन पेश गरी निर्णय प्रक्रियामा रहेका संस्थाहरूको सेवा सञ्चालन स्वीकृति सम्बन्धी अग्रिम कारवाहीसमेत नेपाल सरकारको अर्को नीतिगत निर्णय नआएसम्मका लागि स्थगित गएको छ । नवीकरण प्रक्रियाका कार्यहरू भने यथावत जारी रहने भएकाले स्वीकृति प्राप्त संस्थाहरूले आफ्ना कागजातहरू समयमै अद्यावधिक गरी राख्न समेत मिति २०७५।०४।१४ को मन्त्रालयको (सचिवस्तरीय) निर्णयानुसार सरोकारवाला सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।